स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बाबा सिद्दिकीको हत्या भएको ६ दिनपछि अभिनेता सलमान खानलाई ज्यान मार्ने धम्की आएको छ। धम्की दिनेले आफूलाई लरेन्स गिरोहको सदस्यको रूपमा वर्णन गरेको छ। मुम्बई पुलिसका अनुसार धम्कीपूर्ण सन्देशमा लेखिएको थियो- यसलाई हल्का रूपमा नलिनुहोस्। यदि सलमान खान जीवित रहन र लरेन्ससँगको दुस्मनी अन्त्य गर्न चाहन्छन् भने उनले ५ करोड रुपैयाँ तिर्नुपर्नेछ।

आजको विचार...



प्रबल अधिबारी

मानवताका...

(दुई पेजमा)



दीपक-दीपाको समूहबाट अलग भएपछि अभिनेता जितु नेपालले फिल्म 'ह्यारी की प्यारी'मा काम गरे। तर, यसले उनको साख जोगाउन सकेन। फिल्म 'डजास्टर' हुँदा उनको करिअर नै संकटमा पऱ्यो। लामो अन्योलतापछि 'खजुरे ब्रा'बाट डेब्यु गरेकी अभिनेत्री नीति शाहलाई पनि पहिलो गाँसमै ढुंगा लागेको थियो। तर, उनीहरु दुवैलाई 'ज्वाइँ साब'ले भने ठूलो राहत दिएको छ। फूलपाती (असोज २४ गते)बाट प्रदर्शनमा आएको फिल्मले 'ओपनिङ' राम्रो गर्न सकेन। तर, 'वर्ड अफ माउथ'को बलमा विस्तारै फिल्मले गति समात्यो।

❐ वर्ष ३० ❐ अंक ९१ ❐ २०८१ कार्तिक ४ गते आइतबार 20 October 2024, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पाका पर्यटकीय स्थलहरुको प्रचार-प्रसार गर्न तानसेनका युवाहरुको सक्रियता

## दुई दिने 'हेरिटेज राइड' आयोजना गर्दै

रामचन्द्र रायमाझी

**पाल्पा,** कार्तिक ३/पाल्पा आफैमा पर्यटकीय जिल्ला हो । यहाँ थुप्रै ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थलहरु रहेका छन् । तर प्रचार-प्रसार र संरक्षणको अभावका कारण पाल्पा पर्यटकीय क्षेत्रको रुपमा पछाडी परेको छ ।

माल पाएर चाल नपाएको भने जस्तै जिल्लामा प्रसस्त मात्रमा ऐतिहासिक सम्पदा, कलाकृतिहरु र सौन्दर्यता बोकेका स्थलहरु भए पनि वेवास्ताका कारण पर्यटन क्षेत्रले फड्को मार्न सकेको छैन् । सरकार र सम्बन्धित निकायबाट पाल्पाको पर्यटन विकासमा प्रभावकारी कदम चाल्न नसकिरहेका बेला तानसेनका युवाहरुले भने पर्यटकीय स्थलहरुलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय रुपमा चिनाउन सक्रियता देखाएका छन् । पाल्पा साइक्लिङ संघमा आवद्ध युवाहरुले जिल्लामा भएका ऐतिहासिक पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराउने र आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याउने अभियानमा सक्रियता देखाएका हुन् । उनीहरुले




साइकल यात्रामार्फत बाहिरबाट आउनेहरुलाई जिल्लाका पर्यटकीय स्थलहरुको बारेमा जानकारी गराउन दुई दिने 'हेरिटेज राइड-२०८१' आयोजना गर्न लागेका छन् । 'स्वास्थ्य र पर्यटनको लागि साइकल चलाउने' भन्ने मूल नाराका साथ यही कार्तिक २३ र २४ गते साइकल यात्रा गर्न लागिएको संघले जनाएको छ । विश्व साइकल यात्री तथा सगरमाथा आरोही पुस्कर शाहको विशेष उपस्थितिमा साइकल यात्रा हुने छ । जसमा जिल्लाका ऐतिहासिक धार्मिक, पर्यटकीय स्थलहरु पाल्पा दरबार संग्रहालय, भैरवस्थान मन्दिर, अर्गेली दरबार, रुरु ऋषिकेश मन्दिर, रिडी,रानीमहल, देवदत्तपार्क, लिस्ने भिर लगायतका धार्मिक तथा ऐतिहासिक क्षेत्रको परिक्रमा गरिने छ । संघले तानसेनमा पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी गराएको छ । संघका अध्यक्ष रुपेश महर्जनले स्वास्थ्य र पर्यटकीय क्षेत्रलाई जोडेर साइकल यात्रा गर्न लागिएको बताए । उनले यो कार्यक्रम पाल्पा साइक्लिङ संघको मात्र नभएर आम पाल्पालीहरुको हितमा हुन लागेकाले प्रचार-प्रसारमा सहयोग गरिदिन जिल्लाका पत्रकारहरुलाई आग्रह गरे । यात्रामा देशभरका १ सय ५० बढी साइकल यात्री सहभागी हुने संघका उपाध्यक्ष अमन शाक्यले बताए । उनले भने 'कार्यक्रममा सहभागी हुन हामीले अनलाईमार्फत दर्ता गर्न आह्वान गर्छौं, त्यसमा १ सय ५० जनालाई हामीले सहभागी गराउने लक्ष्य लिएका छौं, उक्त संख्या भन्दा पनि बढी हुन सक्नुहुन्छ ।' अनलाईन दर्ता व्यक्तिगत र सामूहिक दुवै तरिकाबाट गर्न सकिने संघका सदस्य शान्तम थैवले जानकारी दिए ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### इजरायली हवाई आक्रमणमा ३३ को मृत्यु



(रासस/सिन्ह्वा)

**गाजा,** कार्तिक ३/उत्तरी गाजा पट्टीको जबलिया शिविरमा शुक्रबार साँझ इजरायली हवाई आक्रमणमा कम्तीमा ३३ जना प्यालेस्टाइनीको मृत्यु भएको छ । मृत्यु हुनेमा २१ जना महिला समेत रहेका छन् ।

बम विष्फोटमा ८५ जनाभन्दा बढी घाइते भएको र केहीलाई गम्भीर चोट लागेको सञ्चारमाध्यमले जनाएको छ । इजरायली सेनाले जबलिया शिविरका धेरै घरहरूमा बमबारी गरेको बताइएको छ । इजरायली सेनाले यस घटनाबारे हालसम्म कुनै प्रतिक्रिया दिएको छैन् । सन् २०२३ अक्टोबर ७ इजरायलले दक्षिणी इजरायली सीमाबाट हमासको घुसपैठको बदला लिन गाजा पट्टीमा हमास विरुद्ध ठूलो आक्रमण सुरु गर्यो जसमा लगभग एक हजार दुई सय मानिसहरू मारिए र लगभग २५० बन्धक बनाइयो । गाजा पट्टीमा जारी इजरायली हमलाबाट प्यालेस्टिनीको मृत्यु हुनेको सङ्ख्या ४२ हजार ५०० पुगेका छन् ।

## जिप दुर्घटनामा दुई जनाको मृत्यु



**त्रिवेणी (नवलपरासी),** कात्तिक ३/नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको कावासोतीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ, भने २८ जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी जेसी शाहका अनुसार कावासोती-१ बालुवाडाँडास्थित भित्री सडकखण्डमा बुलिङटारबाट कावासोतीतर्फ आइरहेको जिप दुर्घटना उक्त हताहति भएको हो । अनकन्टार पहाडमा दुर्घटना भएको तथा भर्खरै उद्धार सकिएको छ ।

घाइतेलाई नवलपुर अस्पताल र मध्यविन्दु जिल्ला अस्पताल पुऱ्याइएको छ । क्षमताभन्दा बढी यात्री बोकेकाले दुर्घटना भएको प्रहरीको अनुमान छ । मृतक तथा घाइतेको विवरण प्राप्त भएको छैन । *-रासस*

# पूर्व गृहमन्त्री लामिछाने प्रहरीको हिरासतमा

## आज अदालतमा उपस्थित गराइदैं

हाम्रा संवाददाता

**पोखरा,** कार्तिक ३/पूर्व गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा छन् । सहकारी ठगी र संगठित अपराधमा अनुसन्धानका लागि लामिछानेलाई शुक्रबार काठमाडौंस्थित पार्टी केन्द्रीय कार्यालयबाटै प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोलीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय कास्कीलाई जिम्मा लगाएको थियो ।



रातभरको कार्यकर्ताको नाराबाजीलाई छल्दै सीआईबीको टोलीले लामिछानेलाई कास्की प्रहरीको जिम्मा लगाएको हो । उनलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य परीक्षण गरी शनिबार बिहान ३ बजेतिर जिल्ला प्रहरी कार्यालय कास्कीमा लगिएको प्रहरीले जनाएको छ । लामिछानेलेलाई शनिबार सार्वजनिक बिदा परेका कारण आज आइतबार मात्रै अदालतमा उपस्थित गराइने जनाइएको छ । लामिछानेलाई पक्राउ गरेपछि पोखरामा रास्वपाका कार्यकर्ताले प्रदर्शन गरेका छन् । शनिवार बिहानैदेखि पोखरामा भेला भइ रास्वपाका नेता/कार्यकर्ताहरुले बिरोध जनाएका हुन् । उनीहरुले बिना कारण सभापति लामिछानेलाई पक्राउ गरिएको आरोप लगाएका छन् । उनीहरुले सहकारी पीडितलाई न्याय दे, मानव तस्करहरुलाई कारबाही गर, दलाल माफियाहरु होशियार लगायतका प्लेकार्ड र नारा लगाइ बिरोध जनाएका छन् । लामिछानेमाथि सूर्यदर्शन लगायतका सहकारी ठगीको आरोप छ । उनलाई संसदीय छानबिन विशेष समितिले समेत सहकारी बचत अपचलन गरेको निष्कर्ष निकाल्दै अनुसन्धान गर्न सिफारिस गरेको थियो । लामिछानेले गोर्खा मिडिया नेटवर्कको तत्कालीन प्रबन्ध निर्देशक हुँदा सहकारीको बचत उक्त मिडियामा लगेर अपचलन गरेको आरोप छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## दोषी नउम्कियोस्, निर्दोष नफसोस्

देशभर सहकारी ठगी प्रकरणको विषयले व्यापकता पाएको छ । सर्वसाधारण नागरिकले सहकारीमा बचत गरेको अरबौं रकम अपचलन भएपछि यो विषयले व्यापकता पाउँदै गएको हो । उक्त विषयमा छानविन गर्न संसदीय समिति बन्यो । समितिले छानविन गरेर प्रतिवेदन तयार मात्रै होइन कारवाहीको सिफारिशसमेत गरेको छ । ठगीका आरोप लागेका केही व्यक्तिहरु पक्राउ परेका छन् भने केही फरार छन् । सरकारले तिनीहरुको पनि खोजि गरिरहेको छ ।

अझ विशेष चासोको विषय त पूर्व गृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेको संलग्नता पुष्टि गर्दै समितिले कारवाहीका लागि सरकारलाई सिफारिस गरेपछि बढेको छ । सिफारिस बारे अनेक तर्कका आधारमा फरक मत प्रकट गर्दै मतमतान्तरहरू देखापरे । रवि पक्षधरहरूले रविले क्लिन चिट पाएको तर्क गरे भने उनका विपक्षीहरूले रविलाई यसरी क्लिन चिट दिएको छैन बरू कारबाहीका लागि सिफारिश गरेको छ भन्दै आए । सोही कार्यमा रविसँग सहकार्य गरेका जिबी राई फरार छन् र अर्का सहकर्मी छविलाल जोशीलाई पक्राउ गरिएको छ । त्यस आधारमा रविलाई लामो समयपछि शुक्रबार बल्ल पक्राउ गरिएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले उनलाई रास्वपाको पार्टी कार्यालय बनस्थलीबाट पक्राउ गरेको हो । अहिले लामिछानेलाई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखिएको छ । उनी दोषी हुन वा निर्दोष अहिले नै भन्न सक्ने अवस्था छैन् । त्यो अनुसन्धानको विषय हो । लामिछानेमाथि सूर्यदर्शन लगायतका सहकारी ठगीको आरोप छ । उनलाई संसदीय छानबिन विशेष समितिले समेत सहकारी बचत अपचलन गरेको निष्कर्ष निकाल्दै अनुसन्धान गर्न सिफारिस गरेको थियो ।

लामिछानेले गोर्खा मिडिया नेटवर्कको तत्कालीन प्रबन्ध निर्देशक हुँदा सहकारीको बचत उक्त मिडियामा लगेर अपचलन गरेको आरोप छ । यो आरोप सत्य हो वा होइन थप अनुसन्धानले बताउने छ । रवि दोषी हुन वा निर्दोष सत्य तथ्य बाहिर आउनै पर्छ । दोषीलाई उम्काउने र निर्दोषलाई फसाउने काम हुनु हुँदैन । रवि दोषी भए उनलाई आवश्यक कारवाही हुनुपर्छ । निर्दोष भए सबैले उनलाई एकै मतले निर्दोष भन्न सक्नुपर्छ, जबरजस्ती दोषी करार गरेर फसाउने काम गरिनु हुँदैन ।

### Opinion @ Social Network

बुद्धिको बिर्को खुला राख्नु घमण्डको बिर्को बन्द,
किनकी बुद्धि प्रकाश हो भने घमण्ड अन्धकार ।
*(माया थापाको फेसबुक स्टाटसबाट www.facebook.com//Maya.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मानवताका लागि जलविद्युत् विकास



## प्रबल अधिकारी

केही दिनअघि मात्र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले सन् २०३५ सम्मका लागि तयार पारेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना सम्माननीय प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको थियो । उक्त मार्गचित्रमा देशभित्र लाखौं हरित रोजगारी सिर्जना गर्ने र जीवाष्म इन्धनलाई विस्थापित गर्दै कार्बन उत्सर्जन न्यूनीकरण गर्ने योजना समेटिएको छ । त्यस्तै, आन्तरिक विद्युत् खपत वृद्धि गर्दै विद्युत् निर्यातबाट मात्रै वार्षिक डेढ अर्ब अमेरिकी डलरभन्दा बढी विदेशी मद्रा आर्जन गरी वार्षिक ५ खर्ब नेपाली रुपैयाँ भन्दा बढीको आन्तरिक तथा अन्तरदेशीय विद्युत् व्यापार गर्ने विषय पनि समावेश छ। साथै, सन् २०३५ सम्ममा मात्रै करिब ८८ अर्ब विद्युत् बिक्रीबाट राजस्व स्वरूप जम्मा हुने र राज्यलाई करिब १०० खर्ब बराबरको संरचना अनुमतिपत्रको अवधि समाप्त भएपछि मुतमा प्राप्त हुने उक्त मार्गचित्र भनेकै स्वच्छ ऊर्जा रूपान्तरणको मार्गचित्र हो । अन्य शब्दमा यसलाई जलवायु परिवर्तनको हाम्रो अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने दिशामा पहाडदेखि सागरसम्मको अभियानको एक हिस्साका रूपमा मानवताका लागि नेपालले अघि सार्न लागेको एक प्रयासको रूपमा बुझ्न सकिन्छ । सन् २०३५ सम्मको उक्त मार्गचित्रको कार्यान्वयनका लागि जम्मा ४६.५ अर्ब अमेरिकी डलरको धनराशि जुटाउनुपर्ने हुन्छ । यसका लागि कानूनी तथा नीतिगत सुधार, संस्थागत एवं प्रशासनिक सुधार र ऊर्जा पूर्वाधार विकास गर्नुपर्छ । साथै, विद्युत् व्यापार एवं बजार व्यवस्थापनका माध्यमबाट आर्थिक वृद्धिदर ७.२ प्रतिशतलाई आधार मानी आन्तरिक विद्युत् मागका लागि १३ हजार ५०० मेगावाट र भारत, बंगलादेश, चीन लगायतका छिमेकी देशहरूमा निर्यातका लागि १५ हजार मेगावाट गरी न्यूनतम कुल २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य नेपालले लिएको छ । नेपाल सौर्य विद्युत्का लागि पनि राम्रो सम्भावनाको देश भएकाले ठूलो परिमाणमा त्यसतर्फ समेत नेपालले नवीकरणीय ऊर्जा उत्पादनमा सफलता हासिल गर्न सक्छ । कर्णाली चिसापानी, पञ्चेश्वर, सप्तकोशी जस्ता ठूला जलविद्युत् आयोजनाहरू २८ हजार ५०० मेगावाट लक्ष्यभन्दा बाहिर नै छ । नेपालले उक्त लक्ष्यभन्दा धेरै बढी विद्युत्का लागि संरचना निर्माण र बजार विस्तारको तयारीमा सबै चुनौतीलाई पन्छाउँदै अहिलेदेखि नै लाग्नुपर्छ । नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई खूद शून्यमा झार्ने अन्तराष्ट्रिय प्रतिबद्धता जनाएको छँदैछ । यही सन्दर्भमा जलवायु परिवर्तनको तीव्र जोखिममा विश्व नै परिसकेको अवस्थालाई आत्मसात गर्दै हाम्रा हिमाल र त्यसैका सन्ततिका रूपमा रहेका जलस्रोतलाई बचाउन आफ्नै कार्ययोजना मार्फत होस् वा अन्तर्राष्ट्रिय सहकार्य मार्फत होस् अभियानकै रूपमा अघि बढ्नुपर्ने आवश्यकता छ । हिमालमा हिउँको परिमाण 'ग्लेसियल रिट्रिट' बाट घटिरहेको छ र सुख्खा यामका महिनाहरूमा नदीनालामा पानीको बहाव अनपेक्षित ढंगले घट्दै गइरहेको छ । त्यस्तै अतिवृष्टि, अनावृष्टि, हिमताल फुट्दा जाने पहिरो, बाढी पहिरो जस्ता जलवायु परिवर्तनका कारण उत्पन्न प्राकृतिक प्रकोपहरूको सामना गर्न हाम्रो ऊर्जा प्रणालीको लचकतालाई प्राथमिकता दिनैपर्छ । सन् २०२२ को ऊर्जा मिश्रणको परिदृश्यलाई नियाल्दा नेपालमा बायोमास ६४ प्रतिशत, जीवाष्म इन्धन २८.५ प्रतिशत र विद्युत् ५ प्रतिशत मात्र प्रयोग भइरहकोमा आन्तरिक विद्युत् खपतका लागि १३ हजार ५०० मेगावाट अर्थात् ऊर्जा मिश्रणको करिब ५९ प्रतिशत विद्युत् प्रयोग गर्न सकिएमा सन् २०३५ सम्ममा नेपालले उक्त २८.५ प्रतिशत जीवाष्म इन्धनलाई प्रतिस्थापन गरी बायोमासको अत्यधिक प्रयोगलाई समेत करिब ३९ प्रतिशतमा झार्न सक्नेछ । यसबाट ग्रामीण क्षेत्रमा दाउरा, गुइँठा र कृषिजन्य अवशेषहरूबाट पूरा गरिने ऊर्जा आवश्यकतालाई स्वच्छ ऊर्जा रूपान्तरणका दिशामा विद्युत्ले सहजै स्थान पाउन सहयोग पुर्‍याउनेछ र ग्रामीण महिलाहरूको जीवन कष्टकर हुनबाट जोगाउनेछ । यसलाई स्वच्छ ऊर्जा रूपान्तरणबाट महिलालाई दिलाउन सकिने लैंगिक न्यायका रूपमा लिन सकिन्छ किनकि ऊर्जाका लागि विशेषत: ग्रामीण महिलाहरूले ज्यादा पीडा भोगिरहेको अवस्था नै आजको वास्तविकता हो । यस्तो ऊर्जा उपभोगका लागि विशेषत: ग्रामीण महिलाहरूले दैनिकीकै रूपमा ठूलो शारीरिक परिश्रम गरिरहनुपरेको स्पष्ट देखिन्छ भने दाउरा तथा कृषि, पशुपालनबाट प्राप्त हुने अवशेषहरू बाल्दा निस्कने धुवाँले उनीहरू एवं बालबालिकाको स्वास्थ्यमा अत्यन्त नकारात्मक असर पारिरहेको छ । यो त विदितै छ कि हाम्रो समाजमा चुलोचौकाको जिम्मेवारी प्राय: महिलाहरूलाई नै बोकाउने गरिन्छ । अत: बायोमासको अत्यधिक प्रयोगलाई सिधै विद्युत्ले प्रतिस्थापन गर्न सकियो भने स्वच्छ ऊर्जा रूपान्तरणका साथै यसले सामाजिक रूपान्तरणका हिसाबले पनि अधिक महत्व राख्दछ । तर कतिपय अवस्थामा बायोमासबाट जीवाष्म इन्धन हुँदै विद्युतीय ऊर्जा उपभोगमा आइपुगेर ऊर्जा रूपान्तरण टुंगिने गर्दछ । नेपालको कुल जडित क्षमता ३ हजार २१० मेगावाट पुगेको छ । सञ्चालनमा नरहेका ५३ मेगावाट क्षमताका जीवाष्म इन्धनमा आधारित तापीय विद्युत् गृहहरू बाहेक बाँकी शतप्रतिशत विद्युत् नवीकरणीय ऊर्जा नै रहेका छन् । सन् २०१५ को पेरिस सम्झौता र ग्ल्यास्गोमा सम्पन्न सन् २०२१ को सीओपी-२६ सम्मेलन पश्चात् विकसित तथा विकासशील देशहरूले वैश्विक तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियस औसतमा सीमित गर्नका लागि आ-आफ्ना 'नेट जिरो इमिसन' का लक्ष्यहरू सहित विभिन्न गतिविधि सञ्चालन गरिरहेका छन् । नेपालले सन् २०४५ सम्ममा 'नेट जिरो इमिसन' को प्रतिबद्धता जाहेर गरेको छ भने ऊर्जा मिश्रणको ठूलो हिस्सा जीवाष्म इन्धन नै रहेको भारत जस्तो विशाल अर्थतन्त्रको देशले यो प्रतिबद्धता सन् २०७० मा हासिल गर्ने गरी अघि बढेको छ । भारतको नीति आयोगले उपलब्ध गराएको सार्वजनिक जानकारीलाई आधार मान्दा ३१ अगस्ट, २०२४ सम्ममा भारतको कुल विद्युत् जडित क्षमता ४ लाख ५१ हजार मेगावाट पुगेको छ र यसमध्ये जीवाष्म इन्धनमा आधारित जडित क्षमता करिब ५४ प्रतिशत रहेको छ । भारत सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा ५०० मेगावाट अर्थात् ऊर्जा मिश्रणको करिब ६० प्रतिशत पुर्‍याउने लक्ष्यका साथ अघि बढिरहेको छ । उसले ३१ अगस्ट, २०२४ सम्म अद्यावधिक गरिएको तथ्यांक अनुसार नै सौर्य विद्युत् मात्र करिब ९० मेगावाट (ऊर्जा मिश्रणको करिब २० प्रतिशत) पुर्‍याइसकेको छ। सन् २०३० सम्म ३०० मेगावाट पुर्‍याइने लक्ष्य साथ 'एक सूर्य, एक विश्व, एक ग्रिड' भन्ने नारालाई मूर्त रूप दिने गरी नवीकरणीय ऊर्जाको साझा ग्रिड विकास गर्न भारतीय पहल सफलता उन्मुख भइरहेको देखिन्छ । त्यस्तै वायु ऊर्जाको हिस्सा भारतीय ऊर्जा मिश्रणमा १०.५ प्रतिशत रहेको र सौर्य ऊर्जा २० प्रतिशत पुगिसकेको परिप्रेक्ष्यमा अस्थिर विद्युत् उत्पादनको प्रकृतिले ग्रिडको स्थायित्वमा निम्त्याउने चुनौती भारतका लागि राष्ट्रिय चुनौती हो । यसलाई समाधान गर्न विद्युत् भण्डारणको प्रविधि विकास र स्थापनामा भारत उद्यत रहेको छ र सोका ब्याट्री जडान र पम्प स्टोरेज जलविद्युत् आयोजनाको विकास भारतको प्राथमिकतामा परेका छन् । स्वच्छ ऊर्जा रूपान्तरणका दिशामा भारत सरकारको अर्को महत्वपूर्ण पहल हो: राष्ट्रिय हरित हाइड्रोजन योजना । भारतमा सस्तो मूल्यमा नवीकरणीय ऊर्जा उत्पादन भइरहेको छ । इलेक्ट्रोलाइसिसबाट पानीको विच्छेदन गरी हरित हाइड्रोजन उत्पादन र त्यसका विभिन्न डेरिभेटिभहरू निर्माणबाट भारतको ऊर्जा सुरक्षामा योगदान पुर्‍याउन प्राथमिकता र प्रतिबद्धताका साथ कार्य भइरहेको छ । यस योजना अन्तर्गत भण्डारणका रूपमा हरित हाइड्रोजन प्रयोग गरी चौबीसै घण्टा १०० मेगावाट विद्युत् उत्पादन गर्ने पाइलट केसलाई अघि बढाइएको छ । नेपालले पनि हरित हाइड्रोजन नीति, २०८० जारी गरिसकेको छ । यो परिप्रेक्ष्यमा हरित हाइड्रोजन उत्पादनको प्रचुर सम्भावनालाई मूर्तरूप दिन आवश्यक कानून तथा नियमनहरू जारी गर्नुपर्छ । हरित हाइड्रोजन उत्पादन एवं एमोनिया, फर्टिलाइजर जस्ता डेरिभेटिभमा रूपान्तरण लगायत क्रियाकलापहरूलाई अघि बढाउनुपर्छ । उस्तै भूगोल, जलवायु र साझा संस्कृति भएका देशहरू पनि विकासप्रति नेतृत्वकर्ताहरूको साझा दृष्टिकोण र संकल्प, प्रविधिको समुचित उपयोग जस्ता विकासका अनिवार्य अवयवहरूलाई समावेश गर्दा वा नगर्दाका कारण ठूला आर्थिक असमानतामा रहेको भेटिन्छन् । यो हाम्रो देशको हकमा पनि लागू हुन्छ । ठूलो अर्थतन्त्र भएका कारण कोइलामा आधारित विद्युत् उत्पादन गृहहरूलाई एकैचोटि बन्द गर्न भारतलाई सम्भव छैन । परन्तु उता 'नेट जिरो इमिसन' को अन्तर्राष्ट्रिय प्रतिबद्धता जारी गरिसकेको र यता वायु प्रदूषणको प्रमुख कारक तत्वका रूपमा रहेको कोइला परिदहनबाट मानव स्वास्थ्यमा परिरहेको प्रतिकूल असरले भारतीय जनजीवन आक्रान्त छ । वायु प्रदूषणले मात्र भारतमा वर्षमा करिब २० लाख मानिसले ज्यान गुमाउने अनुमानित आँकडा सार्वजनिक भएको छ । छिमेकी देशहरूमा उत्पादित जलविद्युत्लाई भारतको 'हाइड्रोपावर पर्चेज अब्लिगेसन' मा गणना नगरिने नीतिलाई भारत सरकारले २० अक्टोबर, २०२३ को सूचना मार्फत पथ परिवर्तन गर्दै त्यसलाई मान्यता प्रदान गरेबाट जलविद्युत् आयातमा भारत सरकार लचिलो हुँदै गएको आकलन गर्न सकिन्छ । त्यस्तै ३ अक्टोबर २०२४ मा काठमाडौंमा सम्पन्न भएको नेपाल, बंगलादेश र भारतबीचको त्रिपक्षीय विद्युत् व्यापार सम्झौता अनुसार निकट भविष्यमै नेपालले ४० मेगावाट जलविद्युत् भारतीय ग्रिड हुँदै बंगलादेश पुग्ने सुनिश्चित हुनुले पनि भारतको अन्तरदेशीय विद्युत् व्यापारमा लचकताका साथ आगामी दिनहरूमा प्रस्तुत हुँदै जाने चाहनालाई उजागर गरेको छ । क्षेत्रीय संगठन सार्कको उद्देश्य प्राप्तिका दिशामा परिकल्पना गरे बमोजिम अघि बढ्न नसकिए पनि 'बीबीआईएन' उपक्षेत्रीय तहमा र अन्तर-क्षेत्रीय संगठन 'बिमस्टेक' मार्फत बहुराष्ट्रिय विद्युत् व्यापारका लागि भारतीय अग्रसरताको अपेक्षा गर्न सकिने वातावरण बन्दै गएको देखिन्छ । स्वच्छ ऊर्जा रूपान्तरणका साथै दिगो विकास लक्ष्य ( एसडीजी-७) हासिल गर्न पनि सदस्य देशहरूलाई यसले महत्वपूर्ण सहयोग पुर्‍याउने छ । कोइलामा आधारित ऊर्जा उत्पादन गर्ने पहिलो देश संयुक्त अधिराज्यले १ अक्टोबर २०२४ देखि पूर्ण रूपमा त्यसको अन्त्य गरिसकेको छ। यसले अहिले संसारभर जीवाष्म इन्धनलाई ऊर्जाका लागि उपभोग गर्ने कार्य निरुत्साहित गर्दै लैजान प्रेरित गरेको छ । हामी आशामा गरौं, दक्षिणएशियामा पनि यो लहर प्रगाढ रूपले आउनेछ र जलविद्युत् जस्तो हरित र नवीकरणीय ऊर्जालाई 'मानवताको लागि ऊर्जा' को उपमाले थप उपभोग्य एवं व्यापारयोग्य बनाउँदै नेपालको जलविद्युत् उत्पादन, प्रसारण र व्यापारले उच्च प्राथमिकता पाउने वातावरण निर्माण हुँदै जानेछ ।

***लेखक नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ हुन् ।***
***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : पारिवारिक सुख मिल्नेछ, तर पुँजी बजारमा लगानी नगर्दा बेस हुनेछ ।
**वृष** : पुनर्मिलनको योग रहेको छ । बन्धुबान्धवबाट सहयोग मिल्नेछ ।
**मिथुन** : आफन्तको सहयोग प्राप्त हुनेछ । धनार्जनका स्रोत पत्ता लाग्नेछन् ।
**कर्कट** : कार्यमा अवरोध आउला । यात्रामा मालसामान हराउन सक्छ ।
**सिंह** : स्वादिष्ट भोजन पाइनेछ । आत्मबल बढाएर काम गरेमा असफल भईदैन ।
**कन्या** : चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ ।
**तुला** : कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । मनमा उत्साहका हुनेछ ।
**वृश्चिक** : नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।
**धनु** : रोकिएको धन हात पर्ला । स्थान परिवर्तनका विशेष योग देखिन्छन् ।
**मकर** : धर्मकर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला ।
**कुम्भ** : सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ ।
**मीन** : समाज सेवामा मन लाग्नेछ । चिताएको कामले तीव्रता पनि लिनेछ ।

## कृषि

# खरबारी फाँडेर केरा खेती

पूर्वउत्तर मोहोडा गरेको भिरालो जमिन । शिरानमा ऐतिहासिक ज्यामरुककोट र पुछारमा कलकल गर्दै बगेको कालीगण्डी नदी । बिचमा रहेको म्याग्दीको बेनी नगरपालिका वडा नं २ मा पर्ने खबरा गाउँ । केही वर्ष अघिसम्म पाखोबारी र सिरुघारीले ढाकिने गरेको यो गाउँ अहिले केराको हरियालीले सिंगारिएको छ । करिव एकसय ५० घरपरिवारको वस्ती रहेको यो गाउँको मुख्य आम्दानी अहिले केरा खेती बनेको छ । यहाँ बसोबास गर्ने प्रत्येक घरपरिवारले पाखो बारी,खरबारी र अन्न उत्पादन हुने जग्गामा समेत व्यवसायिक रुपमा केरा खेती गरेका स्थानीय कृषक नारायण सापकोटाले जानकारी दिए । सापकोटका अनुसार गाउँभरी केराखेती गरिएको छ । केरा विक्री गरेर गाउँमा वार्षिक रु दुई करोड बढी रकम भित्रिने गरेको छ । खबरामा पहिलो पटक वि सं २०५७ सालमा केराखेतीको सुरुवात गरिएको स्थानीय जगत घिमिरेले जानकारी दिऐ । आजभन्दा २७ वर्ष पहिले खबराका मानबहादुर थापाले पोखराबाट हजारी जातको केराका ३ वटा विरुवा ल्याएर खबरामा लगाएका र ती तीनवटा बोटमा राम्रोसँग केरा फलेपछि स्थानीयले व्यवसायिक केरा खेती सुरु गरेका म्याग्दीकै अगुवा कृषक समेत रहेका खबराका चन्नद्रबहादुर कार्कीले जानकारी दिए । ‘खबरामा केरा खेतीको सुरुवात भएको २७ वर्ष भयो । तीनवटा केराका विरुवा लगाएर सुरु भएको केरा खेती अहिले पाँच सय रोपनी भन्दा बढी जग्गामा फैलिएको छ । गाउँको नाम नै परिवर्तन भएर ‘खबरा’ बाट ‘केरा गाउँ’ भनेर चिनिन थालेको छ ।’



खबराका तेजेन्द्र बहादुर कार्कीले खेर गएको २३ रोपनी बाँझो जमिनमा केरा खेती गरेका छन् । बर्षौंदेखि बाँझो रहेको जमिनलाई उपयोगमा ल्याउने अभियानमा लागेका कृषक कार्कीले भिरालो र खोल्साखोल्सीको झाडी फँडानी गरी धमाधम केरा लगाउन्छन् । कृषक कार्कीले केरा बिक्री गरेर वार्षिक रु सात लाखसम्म आम्दानी हुने गरेको बताए । ‘भिरालो जमिनमा मल, जल नअडिने, बाली लगाउन समस्या भएर बारीहरू बाँझै छाड्ने गरेका थियौं तर, केही वर्षयता सोही जमिनलाई उपयोग गरेर केरा खेती सुरु गरेपछि अहिले गाउँ नै केराखेतीले भरिएको छ । केराको हरियालीले गाउँ आकर्षक देखिएको छ भने स्थानीयको आम्दानीको मुख्य स्रोत पनि केरा खेती नै बनेको छ’ कृषक कार्कीले भने । स्थानीय यामबहादुर घिमिरे, जगत घिमिरे, प्रेम कुँवर, चन्द्रबहादुर कार्की, शोभित शर्मा, तेजेन्द्र कार्की लगायत २० जना कृषकले बगैँचा नै बनाएर व्यावसायिक केराखेती गरेका छन् । केरा खेती फस्टाउँदै मुख्य आम्दानीको स्रोत बन्न थालेपछि स्थानीयले अन्य अन्नबालीलाई विस्तार घटाउँदै केरा खेतीमै केन्द्रित हुन थालेको कृषक कार्कीको भनाई छ । ‘बाँझो जमिनमा केरा नलगाएको घर नै छैन,‘केरा खेतीमा समुदाय आकर्षित हुनुको मुख्य कारण बजार र आम्दानी हो’ अर्का कृषक जगतबहादुर घिमिरेले भने । खबराका किसानले केरा विक्री गरेर वार्षिक रुपमा न्यूनतम रु ३० हजारदेखि रु १० लाखम्म आम्दानी गर्दै आएका बेनी नगरपालिका वडा नं २ का वडाअध्यक्ष यामबहादुर कार्कीले बताए । अनुकूल हावापानी, उपयुक्त वातावरण, बजारको सुविधा र छिटो आम्दानी गर्न सकिने भएकाले व्यावसायिक केरा खेतीतर्फ यहाँका किसानहरुको आकर्षण बढेको उहाँको भनाइ रहेको छ । खवरामा बाइस नङ्गे, मालढुंगे, धुसे, चिनीलगायतका प्रजातिका केरा खेती हुन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# पसाउन लागेका धानको बोट सुक्न थालेपछि कृषक चिन्तित

पाल्पा रामपुर नगरपालिका-६ स्थित प्याक्लुक बस्ने निरमाया पङ्गेनीले लगाएको पसाउन नसकेर धानको बोट सुक्दै गएको छ । धानका पात पहेँलो हुँदै जाने र बिस्तारै बोट सुक्दै जान थालेपछि पसाउन सकेको छैन । उनले तीन रोपनी जग्गामा लगाएको सावित्री जातको धानमा यस्तो समस्या देखिएको छ । हर्दिनाथ जातको धानमा भने समस्या नदेखिएको उनले गुनासो गरिन् । गत भदौको तेस्रो हप्ताबाट धानबालीमा समस्या देखिएको किसान पङ्गेनीले बताइन् । ‘पहिला धानको बोट राम्रै थियो, भदौको तेस्रो हप्तापछि एक्कासी धानमा समस्या देखियो, चार/पाँच दिनमा बोट पूरै रातै हुने र सुक्न थाल्यो, बोट सुक्न थालेपछि दुईपटकसम्म विषादी छरे तर काम लागेन, अहिले धान पहेँलिएर पुरै सुकेको छ, पसाउन सकेन’, उनले भनिन्। पंगेनीले हरेक वर्ष तीन रोपनी जग्गाबाट १६ मुरी धान उत्पादन लिँदै आएकी थिईन् । यस वर्ष पनि धेरै धान स्याहार्ने तयारीमा थिईन् । तर धान नै नपसाएपछि उनि चिन्तित छिन् । लामो समयदेखि कृषि गर्दै आएकी निरमायाले यस्तो समस्या पहिलो पटक देखापरेको बताउँन्छिन् । ‘धान उत्पादन गरेर घरखर्चका लागि बिक्रीसमेत गर्ने गर्थे, यसपटक पनि समयमा नै वर्षा भयो, बोट राम्रो थियो, राम्रो धान फल्ने भयो भनेर खुसी भएको थिएँ, तर धानमा रोग लागेर पसाउनै सकेन’, उनले भनिन्, ‘खनजोत, बीउ खरिद, गोडमेल गर्दा धेरै खर्च लागेको छ, सबै लगानी माटोमा विलिन भयो ।’ विजयपुर कृषि सहकारी संस्थाको समन्वयमा रामपुरमा धानको बीज वृद्धि कार्यक्रम चलिरहेको छ । बीज वृद्धिका लागि लगाइएका



धानमा समस्या देखिएको छ । धानबालीमा भुरुरर उड्ने भुसुना जस्तो किरा पातमा छुपक्कै बसेर पात चुसेर खाने, अनि बोट पहेँलिँदै जाने समस्या देखिएको विजयपुर कृषि सहकारी संस्थाका अध्यक्ष ओमप्रकाश रेग्मी बताउन्छन् । केही ठाउँमा मल, विषादी प्रयोग गरेपछि नियन्त्रणमा आएको छ भने केही ठाउँमा मल, विषादी राखे पनि नियन्त्रणमा आउन नसकेको उनले जानकारी दिए । हर्दिनाथ जातको धानमा खासै समस्या छैन, सावित्री जातको धानमा लगभग सबैमा समस्या देखिएको अध्यक्ष रेग्मीले जानकारी दिए । उनका अनुसार यस वर्ष धानमा समस्या देखिकाले उत्पादन घट्ने भएको छ । सहकारीले सावित्री र हर्दिनाथ जातको करिब १५ हेक्टर क्षेत्रफलमा सात मेट्रिकटन बीउ उत्पादन गर्नेगरी धान लगाएको छ । जिल्लामा सबैभन्दा धेरै रामपुर नगरपालिकामा धानबालीमा समस्या देखिएको कृषि ज्ञान केन्द्र पाल्पाका निमित्त प्रमुख सन्तोषकुमार चौधरीले बताए । विशेषगरी रामपुरको वडा नं ५ र ६ मा धानमा रोगको समस्या बढी छ । रामपुरसँगै जिल्लाको माथागढी, तिनाउलगायत अन्य स्थानमा प्रकोप देखिएको र उपचारपश्चात् क्रमिक रूपमा सुधार भएको उनले बताए । ‘पहेँलो देखिएका धानबालीमा अहिले समस्या बढेको छैन, कृषि शाखाको समन्वयमा कृषि ज्ञानकेन्द्रले कृषकलाई विषादी वितरण गरेको छ, समस्या देखिएका स्थानमा कृषि प्राविधिकले अवलोकन गरी विषादी राख्न सुझाव दिइएको छ’, उनले भने । धानबालीमा देखिएको सेतो पुतली जस्तो देखिने किराले पात चुसेर खाने, बोट नै सुक्ने समस्या देखिएको हो । जिल्लाको अन्य स्थानमा कम समस्या देखिए पनि रामपुर नगरपालिकामा भने जोखिम धेरै देखिएको छ । धान पसाउने समयमा पहेँलो हुने र सुक्ने समस्या देखिएकाले उत्पादन घट्ने चिन्ता बढेको कृषकको गुनासो छ ।

रामपुर नगरपालिकाभित्र करिब एक हजार सात सय हेक्टर क्षेत्रफलमा धानखेती गरिएको छ । करिब छ सय हेक्टरमा यस वर्ष धानबालीमा समस्या देखिएको रामपुर नगरपालिका कृषि शाखा प्रमुख नारायणप्रसाद गैरे बताउन्छन् । समस्या देखिएका कृषकका खेतबारीमा पुगेर स्थलगत अवलोकन गरी विषादी वितरण गरिएको उनले बताए ।

*-रासस*

# अनुसन्धान केन्द्रमा बाख्राको दूधबाट चिज उत्पादन



तनहुँको बन्दीपुरस्थित बाख्रा अनुसन्धान केन्द्रले बाख्राको दूधबाट चिज उत्पादन गरेको छ । केन्द्रले गत आर्थिक वर्षमा छ सय १२ किलो चिज उत्पादन गरेको हो । त्यस अवधिमा दुई सय किलो चिज उत्पादनको लक्ष्य रहे पनि लक्ष्यभन्दा बढी उत्पादन भएको केन्द्रका प्रमुख डा राजु कँडेलले जानकारी दिए । केन्द्रले सानन जातको बाख्राको दूधबाट चिज उत्पादन गरेको कँडेलले बताए । केन्द्रले सानन जातको बाख्राबाट पाँच हजार सात सय ९१ लिटर दूध उत्पादन गरेको छ । त्यस अवधिमा दुई हजार लिटर दूध उत्पादनको लक्ष्य थियो । केन्द्रमा दूध र चिजका लागि सानन जातका बाख्राको माग उच्च रहेको कँडेलको भनाइ छ । उनले भने, ‘बाख्राको दूधमा ल्याक्टोजिन नहुने र प्रतिरोगी हुने भएकाले यसको माग उच्च छ । बाख्राको दूधबाट बनेको चिजको माग पनि उच्च छ ।’ यहाँ उत्पादित बाख्राको चिजको माग काठमाडौँ र पोखरामा अत्यधिक रहेको छ, गाईवस्तुको दूधबाट बनेको चिजभन्दा बाख्राको दूधबाट बनेको चिज मिठो हुने भएकाले यसको माग उच्च रहँदै आएको छ’, उनले भने । केन्द्रले गत वर्ष १५ जिल्लामा सानन जातका बाख्रा वितरण गरेको थियो । चार जिल्लामा बारबारी र ११ जिल्लामा खरी जातका बाख्रा वितरण गरिएको जनाइएको छ । केन्द्रबाट खरी, सिन्हाल, बारबरी, जमुनापारि क्रस, शुद्ध बोर, बोर क्रस, शुद्ध सानन र सानन क्रस बाख्राका पाठापाठी उत्पादन गरिएको छ । कँडेलका अनुसार बारबारीका छ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा छ, सिन्हालका चार पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १२, शुद्ध बोरका ८० पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ५९, शुद्ध बोरका ८० पाठापाठी लक्ष्य उत्पादन राखिएकामा ५९, बोर क्रसका एक सय ७३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा एक सय ५९, शुद्ध साननका १५ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा २५, सानन क्रसका ३३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ६६ पाठापाठी उत्पादन भएको थियो । बाख्राको अनुसन्धानका लागि केन्द्रले विभिन्न ठाउँमा स्रोत केन्द्र स्थापना गरेको छ । केन्द्रका अनुसार जिल्लाको भानु नगरपालिकास्थित बरभञ्ज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बरादी, घिरिङ, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको नीलकण्ठमा बाहृय अनुसन्धान केन्द्र स्थापना भएका छन् । त्यसमध्ये बरभञ्ज्याङमा एक सय ५५, बक्राङ गोरखामा १३, बरादी तनहुँमा एक सय ९३, पेखुथाना स्याङ्जामा दुई सय ३२, घिरिङ तनहुँमा ७७, नीलकण्ठ धादिङमा ६३ र निजगढ बारामा ४३ बोरक्रसका पाठापाठी उत्पादन भएको छ ।

*-रासस*

# नाङ्लो बुनेर लोभलाग्दो आम्दानी गर्दै

इटहरी उपमहानगरपालिका-३ सुनौलो बस्तीका १० परिवारले नाङ्लो बुन्ने पुर्ख्यौली पेसा अपनाएका छन् । व्यावसायिक रूपमा नाङ्लो बुन्दै आएका राई परिवारले लोभलाग्दो आर्जन पनि गरेका छन् । सोही स्थानका वसन्त राई दुई दशकदेखि नाङ्लो बुन्दै आएका छन् । भोजपुर होम्ताङका उनको व्यवसाय नै नाङ्लोको व्यापार हो । नाङ्लो बेचेर उनले घरव्यवहार चलाउँदै आएका छन् । इटहरी सुनौलो बस्तीमा होम्ताङबाट आएका राई जातिको बाहुल्य छ भने सबैको आम्दानीको स्रोत नै नाङ्लो बुन्ने र बेच्ने भएको छ । उनले तालतलैया, खोर्सानेघाटबाट बाँस ल्याउने गरेको छन् भने केही आफैँले पनि रोपेका छन् । उनले दैनिक १० वटासम्म नाङ्लो बुन्ने गरेको बताए । एक पटकमा दुई सय वटासम्म बिक्रीका लागि नाङ्लो लैजाने गरेको तथा महिनामा रु २० देखि २५ हजारसम्मको नाङ्लो बिक्री गर्दै आएको उनले बताए । एउटा नाङ्लो रु एक सय ५० देखि दुई सयसम्ममा बिक्री हुने गरेको छ । नाङ्लो विशेषगरी असोज-कात्तिकमा धेरै बिक्री हुने गरेको, यसको कमाइले घरखर्च पुगेको अर्का उद्यमी विक्रम राईले बताए ।



*इटहरी सुनौलो बस्तीमा होम्ताङबाट आएका राई जातिको बाहुल्य छ भने सबैको आम्दानीको स्रोत नै नाङ्लो बुन्ने र बेच्ने भएको छ । उनले तालतलैया, खोर्सानेघाटबाट बाँस ल्याउने गरेको छन् भने केही आफैँले पनि रोपेका छन् । एक पटकमा दुई सय वटासम्म बिक्रीका लागि नाङ्लो लैजाने गरेको तथा महिनामा रु २० देखि २५ हजारसम्मको नाङ्लो बिक्री गर्दै आएको उनले बताए ।*

उनले ग्राहकको मागअनुसार नाङ्लो बनाउने गरेको बताए । धरान, विराटनगर, पथरीलगायत क्षेत्रका ग्राहकले नाङ्लो माग गर्दै आएका छन् । नाङ्लो व्यवसायी कोपिला राई बजारमा नाङ्लोको माग बढे पनि मूल्य यथावत् रहेको बताउँदै अब लागतअनुसार दाम पनि बढाउन आवश्यक भएको बताउन्छन् । पुर्ख्यौली पेसालाई निरन्तरता दिँदै आएका विक्रम राईले महिनामा दुई सयभन्दा बढी नाङ्लो बेच्ने गरेका छन् । नाङ्लो बनाउने बाँस पाउन गाह्रो भएको एउटा सिङ्गो बाँस रु दुई सयसम्म पर्ने गरेको जानकारी दिँदै उनले एउटा बाँसबाट १० वटासम्म नाङ्लो बनाउन सकिने बताए । ‘आफ्ना उत्पादन बोकेर गाउँ डुल्नु पर्दैन, घरमा नै आएर व्यापारीले लैजान्छन् । मेहनतअनुसारको कमाइ हुन्छ,’ नाङ्लो बुनेर घरखर्च चलाउँदै आएका विक्रमले घरका सबैले नाङ्लो बुन्ने गरेका जानकारी दिँदै भने ।

*-रासस*

# ढकमक्क फुल्न थाले तिहार लक्षित सयपत्री



**देउखुरी (दाङ),** कार्तिक ३ /वाणगङ्गा नगरपालिका कपिलवस्तुका भाष्कर पंगेनी र दशरथ साउदले घोराही उपमहानगरपालिका-१५ भरतपुरमा व्यावसायिक सयपत्री फूलखेती गरेका छन् । उनको फूलखेतीमा पुग्ने जो कसैको मन आनन्दित हुन्छ । कतिपयले आइपुग्ने बित्तिकै सेल्फी खिच्ने गर्छन् । तिहार लक्षित सयपत्रीले फूलबारी पहेँलै भएका छन् ।

भास्करसँगै प्राविधिक सहायक दशरथ साउद पनि फूलखेतीमा लागेका छन् । कृषि प्राविधिक पढेर कृषिमा लागेका साउदले फूलखेतीमा लाग्ने रोगकिरा र अन्य प्राविधिक पक्ष हेर्छन् । कपिलवस्तुमा छ वर्ष पहिलेदेखि फूल खेतीमा लागेका पंगेनी र साउदले तीन वर्ष अघिदेखि दाङमा व्यावसायिक फूलखेती विस्तार गरेका हुन । घोराही-१५ भरतपुरमा १७ कठ्ठा जमिन मासिक दुई हजार भाडामा लिएर उनीहरुले फूलखेती गरिरहेका छन् । गत वर्ष तिहारमा मात्रै १३ लाखको फूल बिक्री गरेको साउदले बताए । तिहार पछाडी सयपत्री फूलेपछि सोही स्थानमा ‘टिकटक स्पट’ बनाएर पाँच लाख आम्दानी गरेको उनले सुनाए । यसपालि एकै सिजनमा १५ देखि २० लाख आम्दानी गर्ने लक्ष्य उनीहरुको छ । उनीहरुले दुई वर्ष अगाडि कर्मा-५५५ जातको सयपत्री फूलबाट खेती सुरु गरेका थिए । यसपाली कर्मा ५५५, कर्मा-९९९ यल्लो गरी दुई जातका सयपत्रीका बिरुवा रोपेका छन् । दाङमा ८० हजारको बीउ किनेर बेर्ना राखेको दशरथ साउदले बताए । ‘यी सबै फूलको बीउ थाइल्याण्डबाट ल्याएर उमारेका हौँ’, उनले भने ‘यसपालि दुई लाखको बेर्ना बिक्री भइसक्यो । बिरुवाको जात हेरेर प्रतिगोटा दुई देखि ५० सम्ममा बिक्री हुने गरेको छ ।’ स्वदेशमै कृषिबाट आम्दानी गर्न सकिने अर्का व्यवसायी भास्कर पंगेनी बताउन्छन् । उनले बेरोजगार युवालाई कृषिमा जोड्ने उद्देश्यले एक सय आठ अवधारणा बनाई कृषि फार्मको नाम नै एक सय आठ राखेका छन् । फूल उत्पादनका लागि दाङको माटो उपयुक्त रहेको उनको भनाइ छ । यहाँ उत्पादित फूल भण्डारण गर्ने चिस्यान केन्द्र नहुँदा लामो समयसम्म राख्न समस्या भएको उनले बताए । राम्रो चिस्यान केन्द्र भएमा स्वदेशमा उत्पादित सयपत्री विदेश निर्यात गर्न सकिने पंगेनीको सोंच छ । फूलमा नेपाललाई आत्मनिर्भर बनाउने उद्देश्यले जिल्लाहरुमा क्षेत्र विस्तारको योजना बनाइएको उनको भनाइ छ ।

*-रासस*

# पालपाका पर्यटकीय...

उनका अनुसार कार्यक्रममा सहभागी हुन दर्ता शुल्क प्रतिव्यक्ति २ हजार ५ सय लाग्ने छ । उनीहरुलाई बस्ने खाने व्यवस्थाका लागि भने विभिन्न संघ-संस्थाहरुसँग समन्वय गरी आयोजकले व्यवस्था गर्ने उनले बताए । प्रचार-प्रसारको अभावमा रहेका पर्यटकीय स्थलहरुको प्रत्यक्ष अवलोकन गराई तिनीहरुको प्रचार गर्ने उद्देश्यले तानसेनका युवाहरुको सक्रियतामा हुन लागेको कार्यक्रमलाई सबै पक्षबाट सहयोग हुनुपर्ने संघका सदस्य सुरज शाक्यले बताए । कार्यक्रममा तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले संघले आयोजना गर्न लागेको कार्यक्रमले स्वास्थ्यलाई मात्र नभई पर्यटकीय क्षेत्रको विकासमा महत्वपूर्ण टेवा पुग्ने विश्वास लिएको बताए । उनले भने ‘साइकल यात्राले साहासिक खेलको विकास मात्र गर्दैन यसले यहाँको पर्यकीय स्थलहरुलाई राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा चिनाउन समेत ठूलो मद्दत पुग्दछ भन्ने मैले विश्वास लिएको छु ।’ पत्रकार महासंघ पाल्पाका कोषाध्यक्ष मुक्ति न्यौपानेले संघले आयोजना गर्न लागेको हेरिटेज राइडलाई सफल पार्न पाल्पाली पत्रकारहरुले सहयोग गर्ने बताए । कार्यक्रम सम्पन्न गर्नका लागि ८ लाख ६० हजार खर्च अनुमान गरिएको छ । साइकल यात्रामा सहभागी हुनेहरुलाई टुँडीखेलबाट धिमे बाजासहित पाल्पा दरबार संग्राहालय परिसरमा पुऱ्याइने संघका सदस्य बेशान्तर शाक्यले जानकारी दिए । उनका अनुसार यात्रा दरबार परिसरबाट सुरु भई विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा पुगी त्यहाँको बारेमा उनीहरुलाई जानकारी गराईने छ ।

मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

### वेस्ट इन्डिजलाई हराउँदै न्युजिल्याण्ड फाइनलमा



**काठमाडौं,** कार्तिक ३/वेस्ट इन्डिजलाई आठ रनले हराउँदै न्युजिल्यान्ड आईसीसी महिला टी-२० विश्वकप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ ।

न्युजिल्यान्डले दिएको १ सय २९ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिजले २० ओभरमा ८ विकेट गुमाएर १ सय २० रनमात्रै बनाउन सक्यो । वेस्ट इन्डिजका लागि दिन्द्रा डोटिनले सर्वाधिक ३३ रन बनाइन् । न्युजिल्यान्डका लागि इडन कार्सनले ३ विकेट लिइन् । त्यसअघि यूएईको शारजहामा टस जितेर पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले २० ओभरमा ९ विकेट गुमाएर १ सय २८ रन बनाएको थियो ।

न्युजिल्यान्डकी जर्जिअ प्लिमेरले ३३ रन बनाइन् । वेस्ट इन्डिजकी दिन्द्रा डोटिनले ४ विकेट लिइन् । न्युजिल्यान्ड तेस्रो पटक फाइनलमा पुगेको हो । न्युजिल्यान्डले उपाधिका लागि आइतबार दक्षिण अफ्रिकासँग खेल्नेछ । दक्षिण अफ्रिकाले पहिलो सेमिफाइनलमा बिहीबार साविक विजेता अस्ट्रेलियालाई हराउँदै दोस्रो पटक फाइनलमा पुगेको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

### ‘किसान सरल कर्जा’ : दश लाखसम्म पाइने



**पाल्पा,** कार्तिक ३/किसानलाई सरल कर्जा प्रदान गरिने भएको छ । राष्ट्रिय वाणिज्य बैंक कार्यक्रम अन्तर्गत किसानलाई सरल कर्जा दिन लागिएको हो ।

राष्ट्रिय वाणिज्य बैंकले कृषि क्षेत्रको विकासका लागि अधिकतम दश लाख रुपैयाँसम्म कर्जा दिने गरी किसान सरल कर्जा प्रोडक्टको शुभारम्भ गरेको छ । यसमा सोही कर्जा रकमभित्र १ लाख रुपैयाँ बराबरको किसान क्रेडिट कार्डसमेत लिन सकिने बैंकले जनाएको छ । बैंकका अनुसार कुनै कृषि व्यवसायमा आबद्ध १८ देखि ६५ वर्ष उमेरका नेपाली नागरिक वा कानुनी रूपमा दर्ता भएका कृषि व्यवसायमा संलग्न फर्म तथा कम्पनीले कर्जाका लागि आवेदन दिन सक्नेछन् । आधार दरमा ०.५० प्रतिशत प्रिमियम जोडी ब्याजदर निर्धारण गरिने यो कर्जामा खुद व्यापारिक सम्पत्तिको अधिकतम ७० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ । ग्राहकले सञ्चालन गर्ने कृषि परियोजना नै धितोको रुपमा रहने छ भने आवश्यकता अनुसार घर/जग्गासमेत धितो सुरक्षणको रुपमा स्वीकार गर्न सकिने बैंकले जनाएको छ । बैंकका अनुसार कर्जाको बिमा गरिने छ । बैंकको देशैभर रहेका सम्पूर्ण शाखा कार्यालयबाट किसान सरल कर्जा प्रदान गरिने बैंकले जनाएको छ । बैंकको कृषि कर्जा निर्देशिका, २०६९ (संशोधन सहित)अनुसार लगानी गरिने यो कर्जा आवधिक र चालू पूँजी दुवै प्रकृतिको हुनेछ । यो कर्जा ग्रेस अवधिसहित अधिकतम १० वर्ष अवधिका लागि प्रदान गरिने बताइएको छ ।

## जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं

जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरी :

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, वायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई